# सोलुदुधकुण्ड नगरपालिका

༄༅། །སོད་རོང་འོ་མའི་མཚོའི་གྲོང་སྡེ་སྤྱི་ཁྲུབ་ལྷན་ཁང་།

## नगर कार्यपालिकाको कार्यालय

सल्लेरी, सोलुखुम्बु

प्रदेश नं. १ नेपाल


प.सं. २०७५/७६

च.नं.

मिति: २०७५-०९-२९

## प्रेस विज्ञप्ति

सोलुदुधकुण्ड नगरपालिकाको चौथो नगर सभा मिति २०७५/९/२७ गतेका दिन आयोजना हुने गरी तय भएकोमा निर्धारित मितिमा सभा सूचारु भै मिति २०७५/९/२८ गते सम्पन्न भएको छ । यस सभाबाट खानी तथा खनिज पदार्थ विधेयक,२०७५ र कृषि व्यवसाय प्रवर्द्धन विधेयक,२०७५ स्वीकृत भएको, चालू आ.व.मा प्रस्ताव भएका केहि कार्यक्रम संसोधन भएको, आगामी आर्थिक वर्षका लागि आय तथा व्यय प्रक्षेपण लगायतका १६ बुँदा निर्णय भएको छ ।सभामा प्रस्तुत भएको कार्यसूची उपर नगरसभाका सदस्यज्यूहरुबाट रचनात्मक सल्लाह तथा सूझाव प्राप्त भएको थियो । सभामा प्राप्त भएका सल्लाह सुझावहरुलाई सम्बोधन गरी कार्यसूचीमा प्रस्तुत गरिएका विषयहरु उपर निर्णय भएको छ ।

मिति २०७५/९/२७ गते नगर सभा सुरु गर्ने क्रममा यस नगरपालिकाका नगरप्रमुखज्यूलाई सम्वोधन नगर उपप्रमुख श्री कल्पना राईज्यू लगायत नगरसभाका १६ जना सदस्यहरूले विभिन्न ९ वुँदामा असहमति राखी दिएको प्रेस विज्ञप्ति माथी यस नगरपालिकाको ध्यान आकर्षण भएको छ । सो सम्बन्धमा निम्न सत्य तथ्य व्यहोरा रहेको नगरवासीहरूमा सादर अनुरोध गरिन्छ ।

१. नगरसभा सञ्चालन ऐन बमोजिम नगरसभाका सदस्यहरूलाई अग्रीम एजेन्डा उपलब्ध गराउनु पर्नेमा नगरसभा सञ्चालन हुने दिनसम्म नगरसभाको एजेन्डा प्राप्त नभएको सम्बन्धमा १ नं. प्रदेशबाट जारी गाउँ सभा र नगरसभा सञ्चालनको लागि व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा ३ "सभाको अधिवेशन आव्हान र अन्त्य"को उपदफा (७) मा सभाको अधिवेशन बोलाएको सूचना अध्यक्षको निर्देशनमा सदस्यहरूलाई ७ दिन अगाडि दिनुपर्नेछ । त्यस्तो सूचना आवश्यकता अनुसार सार्वजनिक सञ्चार माध्यमबाट समेत प्रचार प्रसार गर्न सकिने छ र मोवाइल, एस.एम.एस, इमेल वा त्यस्तै प्रकारको विद्युतीय माध्यमबाट दिइएको सूचनालाई पनि सूचना दिइएको मानिनेछ" भन्ने उल्लेख भएको र यस सम्बन्धमा यस नगरपालिकाबाट मिति २०७५ पुस १२ गते मिति २०७५ पुस २७ गते चौथो नगरसभा बस्ने पत्रचार भई यस नगरपालिकाको Website: www.solududhkundamun.gov.npमा समेत राखिएको थियो । मिति २०७५/९/२३ गते बसेको कार्यपालिका बैठकमा पनि चौथो नगरसभाको कार्यसूची, मिति, समय र स्थान पुन: जानकारी गराइएको थियो । त्यस्तै यस नगरपालिकाले मोवाइल एप्लीकेशनको माध्यमबाट समेत सूचना पठाएको एवं सबै वडाध्यक्षहरूलाई फोनबाट समेत २७ गतेको सभाको बैठकमा आ–आफ्ना वडाका नगरसभा सदस्यहरूलाई उपस्थित गराइ दिन समेत अनुरोध गरिएको थियो ।

२. कार्यपालिकाको निर्णय विपरित कार्यपालकालाई समेत छली मेयरले आफू खुसी मनोपोली ढंगले एकलौटी योजना विनियोजन गरेको सम्बन्धमा यस नगरपालिकाको विनियोजित ऐन बमोजिम विनियोजित भई संचालन हुने कार्यक्रम बाहेक अत्यावश्यक र तत्काल नगरी नहुने कार्यक्रम श्रीमान नगरप्रमुखज्युबाट पछि कार्यपालिकामा समर्थन गर्ने वा नगरसभाबाट स्वीकृत वा समर्थन गर्ने गरी निर्णय भएको र त्यस लगतै बस्ने कार्यपालिकाको बैठक वा सभाबाट समर्थन/अनुमोदन हुने गरेको हुदाँ कार्यपालिकाको निर्णय छलि निर्णय नभएको ।

३. नगरपालिकाको नाममा नगरप्रमुखले विभिन्न मेशिनरी औजार आफुखुसी भाडामा लिई एकलौटी ढंगले प्रयोग गरेको भन्ने सम्बन्धमा । यस नगरपालिकाले गत आ.व. २०७४-०७५ मा सार्वजनिक सूचना प्रकाशन गरी प्रतिस्पर्धा गराई घटाघट मूल्यमा २ वटा स्क्याभेटर लिएको र नगरपालिकाको आफ्नो स्वामित्वमा रहेको १ वटा स्क्याभेटर प्रयोग गरी ट्र्याक खोल्ने र सडकको स्तर वृद्धि गर्ने कार्य भई रहेको छ । यसको अलावा फाप्लु अस्पतालमा जाने वाटो मोटर गाडी आवत जावत गर्न असहज भएको र नेपाल सरकार, आयोजना कार्यान्वयन इकाई विराटनगरबाट मोटरेवल बाटो नभई उक्त अस्पताल ३० सैयाको बनाउन विनियोजित बजेट टेन्डर प्रक्रियामा जान नसकिने जानकारी प्राप्त भए अनुसार नै नगरपालिकाले प्रतिस्पर्धात्मक मूल्यमा लिएका स्क्याभेटरलाई दिइएको दररेटमा नै नबढने गरि भाडामा लिई काम गराईएको ।

४. विभिन्न सञ्चार माध्यमलाई कार्यपालिका बैठक तथा नगरसभाको निर्णय समेत छली हेलो मेयर तथा अनलाईन ईन्टरनेट सञ्चालन कार्य अनुमति दिइएको सम्बन्धमा यस नगरपालिकाका विनियोजित ऐन बमोजिम बाँडफाँड भएका बजेट तथा कार्यक्रम कार्यपालिकाको निर्णय वा प्रचलित कानून बमोजिम प्रक्रिया पुरा गरी सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम खरिद गरेको र सम्झौता गरी कार्य गरेको ।

५. नगरपालिकाका भवन लगायतको ठेक्का टेन्डर विना निर्णय गराई झरना कन्सट्रकसनको नाममा नगरपालिकाका कर्मचारी दिनेश राईलाई दिइएको सम्बन्धमा साविकको गा.वि.स. भवन रहेको भवनमा नै नगरपालिका संचालन भइ रहेको तथ्य प्रेस विज्ञप्ति जारी गर्ने सबैलाई अवगत नै छ । यस्तो अवस्थामा विभिन्न मितिमा कार्यपालिका तथा सभाबाट नगरपालिकाको भवन निर्माण भई संचालनमा नआएसम्म जिल्ला समन्वय समितिको नयाँ भवनमा कोठा उपलब्ध गराइ दिन अनुरोध भएको विषय समेत सम्पूर्ण कार्यपालिका सदस्यहरुलाई अवगत भएकै हो यस्तो अवस्थामा नगर प्रमुखज्युबाट पछि सभाबाट पारित गराउने गरी टेन्डरको प्रक्रियाबाट कार्य अगाडी बढाउने निर्णय भए अनुसार मिति २०७५ पौष २३ गतेको कार्यपालिकाको बैठकबाट समेत नगरसभामा पेश गर्ने निर्णय भईसकेको थियो सोही बमोजिम आज मिति २०७५ पौष २८ गतेको नगरसभाको बैठकबाट समेत स्वीकृत भइसकेको छ । यसै बीचमा नगरपालिकाको भवन निर्माण कार्य सार्वजनिक ऐन तथा नियमावली अनुसार नै खुला प्रतिस्पर्धात्मक टेन्डरको माध्यमबाट गरेको हो र सो सम्बन्धी राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरिएकोमा ७ वटा निर्माण व्यवसायीले प्रतिस्पर्धामा भाग लिइएका थिए । विज्ञप्तिमा नाम किटिएका सब- ईन्जिनियर दिनेश राईले यस नगरपालिकामा मिति २०७५ पौष २७ गते निज, निजको श्रीमती र छोराछोरीको उक्त झरना कन्सट्रकसनको आवद्धता नरहेको भनी निबेदन पेश गरिसकेको अवस्था रहेकोले विज्ञप्ति अनुसारको सत्यता नरहेको ।

६. बुदाँ नं. ६ को वडा शिक्षा समितिको सिफारिस विना आफुखुसी दरबन्दी मिलान गरेको सम्बन्धमा दरबन्दी मिलान उप-समितिले पेश गरेको प्रतिवेदन उपर मिति २०७५-०९-२२ गते बसेको नगर शिक्षा समितिको बैठकबाट निर्णय भई सिफारिस भएका निर्णयहरुलाई मात्र २०७५-०९-२३ गते बसेको कार्यपालिकाको निर्णयले अक्षरश: स्वीकृत गरेको हो । साथै उक्त नगर शिक्षा समितिमा नगर उपप्रमुख र कतिपय वडाध्यक्ष स्वयं उपस्थित भई निर्णयमा सहभागी भएकोले असन्तुष्टी प्रकट गरी ज्ञापन पत्र दिनु पर्ने अवस्था होइन ।

७. वुदाँ नं. ७ योजना तथा कार्यक्रम तर्जुमा समितिको बैठक उपप्रमुखको अध्यक्षतामा हुनुपर्नेमा विना सूचना विना निर्णय नगर प्रमुख आफैंले एकलौटी ढंगले गरेको भन्ने सम्बन्धमा चालु आ.व. २०७५-०७६ को लागि मिति २०७५ असार १० गते भएको तेस्रो नगरसभा हुनुपुर्व आवश्यक तयारीका क्रममा नगर उपप्रमुख तथा कार्यपालिका सदस्यज्यूसँग छलफल भै कार्यपालिका बैठकबाट निर्णय भएको र नगरसभाले सोही आधारमा बजेट नीति तथा कार्यक्रम स्वीकृत गरेको थियो । चालु आ.व.२०७५।७६ को अवधिमा नगर प्रमुखज्युबाट भएका निर्णय पनि सो निर्णय पछि तत्काल बस्ने कार्यपालिका बैठकबाट समर्थन गर्ने निर्णय भएको हुदाँ कार्यपालिकाबाट स्वीकृत नभई स्वीकृत बजेट भन्दा वाहिरको कुनै योजना तथा कार्यक्रम संचालन भएको भन्ने अवस्था छैन ।

८. बुँदा नं. ८ को सम्बन्धमा बेनी खोला बेली ब्रिज निर्माण गर्ने क्रममा बेनी हाइड्रोका संचालकलाई ब्रिज निर्माणका क्रममा बिजुली आवश्यक भएकाले उपलब्ध गराई समन्वय गर्न नगर प्रमुखबाट मौखिक अनुरोध भएको, मौखिक रुपमा आवस्यक समन्वय गर्ने आश्वासन प्राप्त भएकाले सोहि बमोजिम गर्न ताकेता मात्र भएको ।

९. नगरपालिकाले प्रयोग गरेका हेभि इक्वीपमेन्टको व्यवस्थापन पारदर्शी, मितव्ययी, प्रभावकारी ढंगमा भए नभएको, वडा तथा नगरपालिकाले ठेक्का वा उपभोक्ताको प्रक्रियाबाट भए गरेका कार्य बारेमा अनुगमन गरी प्रतिवेदन पेश गर्न मिति २०७५-०९-२८ गते नगरसभाको बैठकबाट निर्णय भएको छ ।

**अन्तमा :**

लोकतान्त्रिक प्रणालीको सुन्दर पक्ष भनेकै पक्ष विपक्ष सवैका कुरा सुन्ने, मन्थन गर्ने हो । यस्तो प्रणालीको उपभोग गर्ने अधिकार नेपालको संविधानले नगरपालिकामा पनि स्थापित गरेको छ । छलफल, मन्थन गर्ने उपयुक्त थलो भनेको नगर कार्यपालिका र नगरसभा नै हो । विज्ञप्ति जारी कर्ता स्वयंहरूले पनि नगरप्रमुखले अधिनायकत्वपूर्ण भनेर लाञ्छित गरेको अवस्थामा कार्यपालिका वा सभामा छलफल गर्ने पद्धति स्थापित गर्ने कुरालाई जोड दिने प्रमुखको प्रयास एवं २०७५ पौष २३ गते बसेको नगर कार्यपालिकाको बैठकबाट समेत निर्णय भएको अवस्थालाई समेत वेवास्ता गरी छलफल गर्ने थलोको उपयोग गर्न नचाहने र सभालाई अनिर्णयको वन्दी बनाउने कार्यले लोकतान्त्रिक अभ्यासलाई सफल बनाउन नसक्ने ठानी नगर कार्यपालिका बैठक र सभा लगायतका अन्य बैठक, सभा, छलफलमा असहमत पक्षलाई उपस्थित भई नगरपालिकाको विकासमा सार्थक र रचनात्मक सहयोगका लागि आव्हान गरिन्छ । साथै, नगर सभामा महत्वपूर्ण सल्लाह, सुझाव तथा प्रतिक्रिया उपलब्ध गराई नगर सभा सम्पन्न गर्न सहयोग गर्नुहुने सम्पूर्ण सभा सदस्य तथा कर्मचारीहरु समेतलाई धन्यवाद दिदै आगामी दिनमा समेत सहयोग र रचनात्मक भूमिकाको अपेक्षा गरिन्छ ।

.........................................
शारदामाया तामाङ
प्रवक्ता

शारदा माया तामाङ
प्रवक्ता